माण्डवी गाउँपालिकाको छैठौ गाउँसभामा

गाउँपालिकाका अध्यक्ष श्री श्रीधर रोका ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष ०७६/०७७ को

# नीति तथा कार्यक्रम

माण्डवी गाउँपालिका

प्यूठान जिल्ला

प्रदेश नं. ५

**उपस्थित सम्पुर्ण अतिथिगणहरु,**

**गाउँसभाका सदस्यहरु,**

**सम्पुर्ण  राष्ट्रसेवक कर्मचारी तथा**

**उपस्थित सम्पुर्ण महानुभावहरु ।**

नेपालको संविधानले संघिय  लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ,प्रदेश र स्थानिय तह गरि तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग तिनै तहले संविधान र कानुन बमोजिम गर्ने व्यबस्था गरेको छ । स्थानिय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धि बिषयमा कानून बनाउने, बार्षिक वजेट बनाउने, नीति तथा कार्यक्रम तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यबस्था गरेको छ । नेपालको संविधान बमोजिम गठित स्थानिय सरकारका तर्फवाट यस गरिमामय गाउँसभामा आर्थिक वर्ष २०७६।०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै हर्षविभोर भएको छु । यस अवसरमा संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना लागि जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछु ।

नेपालको संविधान ,प्रचलित ऐन,कानूनले स्थानिय तहलाई प्रदान  गरेका अधिकारहरुलाई कार्यान्वयन गर्दै सुखि र समृद्ध स्थानिय तह बनाउने ,जनतालाई अधिकार सम्पन्न वनाउने ,र जनतालाई आफ्नो नजिकको सरकारको अनुभुती गराउने असल प्रयत्न २ वर्ष देखि गर्दै आइरहेका छौ । स्थानिय स्तरमा योजनाको छनौट,स्थानिय जनताबाटै त्यसको कार्यान्वयन र त्यसको लाभको न्यायोचित वितरण मार्फत स्थानिय तहको विकास प्रभावकारी ढंगले अगाढि बढेको अनुभुती भएकोछ ।

गाउँपालिकाको विकास तथा स्थानीय तहको संचालनमा  राजनीति दल, कर्मचारी प्रशासन, नागरिक समाज, निजि क्षेत्र, गै.स.स. तथा आम जनसमुदायबाट प्राप्त गरेको रचनात्मक एवं सृजनात्मक सहयोगका लागि म सबै प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै अगामी दिनमा समेत हामी जनप्रतिनिधिलाई यस्तै सहयोगको निरन्तरताको अपेक्षा गर्दछु । साथै हामी जननिर्वाचित सबै सदस्यहरु फुटेर होइन जुटेर बहुमतिय हैन सहमतिय अभ्यासबाट एक भई अगाडि बढ्ने छौ भन्ने प्रण गर्दछु ।

**आदरणिय गाउँसभा सदस्य ज्युहरु**

आगामि आर्थिक वर्ष २०७६।७७ को नीति तथा कार्यक्रम तर्जुमाको प्रमुख आधारको संविधानले प्रदत्त गरेका अधिकार, कानुनी दायित्वलाई पुरा गर्न काम गर्दै सिक्दै जाने, सिक्दै काम गर्दै जाने कार्य भएकाले  हामीले करिव २ वर्षको अनुभव तथा यस वर्षमा सम्पादन गरेका कार्यहरुको समिक्षालाई

प्रमुख आधार बनाइएका छौ । त्यसैले अब म विगतलाई फर्केर सम्पादित कार्यहरुको छोटो समिक्षा गर्न चाहान्छु ।

माण्डवी गाउँपालिका कृषिको उर्भर भुमि भएकोले कृषिलाई प्रमुख प्राथमिकतामा राखिएको थियो सम्पुर्ण वडामा कृषक संजाल गठन गरि गाउँपालिका स्तरिय कृषक संजाल गठन गरेका छौ । आधुनिक कृषि प्रणालीलाई अवलम्बन गर्न कृषकलाई चार वटा पावर टिलर वितरण गरिएको छ, अगुवा तथा व्यबसायिक कृषकलाई उत्प्रेरित गर्नका लागि करिव ३० जना कृषकहरुलाई रु ५० हजारका दरले अनुदान दिएको छ । कृषि लाई पकेट क्षेत्रको रुपमा विकास गर्न ५ वटा कृषक समुहलाई अनुदान वितरण गरिएकोछ । कृषकलाई व्यबसायिक कृषी गर्न प्रेरित गर्दै समुह दर्ता गर्न लगाई करिव ६० वटा कृषक समुह दर्ता भएका छन गाउँपालिकाले आफ्नै स्थानिय तहमा नर्सरि निर्माण मार्फत विरुवा उत्पादन गर्ने उद्देश्यका साथ स्याउलीघारीमा हाइटेक प्रविधि सहितको बृहत नर्सरी निर्माणको कार्य सम्पन्न हुन गइरहेको छ ।

सामुदायिक विद्यालय संचालनका कठिनाइलाई मध्यनजर गर्दै गा.पाद्धारा  शिक्षकको व्यबस्थापन मार्फत  शिक्षक  दरवन्दि पुर्ति नभएको अवस्थामा पनि विद्यालयहरुमा शिक्षकका मागलाई सम्बोधन गरिएको छ, शैक्षिक गुणस्तर सुधारका लागि निरन्तर मूल्यांकन,प्र.अ सँग कार्यसम्झौता करार, मा.वि र आ.वि. गरि १० वटा विद्यालयमा ई हाजिरिको सुरुवात,प्र.अहरुको मासिक बैठक, गरिव जेहेन्दार विद्यार्थिलाई छात्रबृति तथा विद्यालयमा अतिरिक्त क्रियाकलाप संचालन गरि शैक्षिक गुणस्तरका बृद्धि गरिएकोछ । शिक्षामा समानता कायम गर्नु पर्दछ भन्ने मुल मान्यतालाई आत्मसाथ गर्दै, नेपाल सरकारबाट सेवा सुविधा लिने माण्डवी गाउँपालिकाका जनप्रतिनिधि, स्थायि कर्मचारी र शिक्षकलाई अनिवार्य रुपमा सामुदायिक विद्यालयमा आफ्ना बालबालिका पढाउनु पर्ने अभियानले शिक्षा क्षेत्रमा सकारात्मक सन्देश प्रबाह गरेकोछ । माण्डवी गाउँपालिकाले समग्र शिक्षा सुधारका निमित्त २६ बुदे निर्देशन तथा २७ बुंदे प्रतिबद्धता जारि गरेको छ जसका कारण शिक्षा क्षेत्रमा सुधारका संकेतहरु देखिन थालेको महुशुस गरेका छौ ।

**आदरणिय गाउँसभा सदस्य ज्युहरु**

स्वास्थ्य क्षेत्रमा जनताको सहज र सरल पहुँच स्थापित गर्नका लागि ढिकावनमा सामुदायिक स्वास्थ्य इकाई संचालनमा आएको छ भने तिघ्रामा सामुदायिक स्वास्थ्य इकाइ निर्माणको क्रममा रहेकोछ । यस वर्ष थप ४ वटा खोप क्लिनिकहरु संचालनमा आएका छन, सुत्केरी टेवा कार्यक्रमले सकारात्मक प्रभाव

पारेको छ ,देविस्थान स्वास्थ्य चौकिमा ल्याव सेवा संचालनमा आएकोछ भिडियो एक्सरे तथा एक्सरे सेवा पनि छिटै शुरुहुन गइरहेकोछ । ५ वटै स्वास्थ्य चौकिमा ई हाजिरि, कम्प्युटर तथा प्रिन्टरको व्यबस्था, ईन्टरनेटको पहुँच स्थापित गरि स्वास्थ्य संस्थालाई आधुनिक प्रबिधिसँग जोडिएकोछ ।

माण्डवी गाउँपालिकामा एक घर एक धारा अभियानलाई यस बर्ष घनिभुत रुपमा कार्यान्वयन गरि करिव ८०० घरधुरिमा शुद्ध खानेपानीको सुनिश्चितता प्रदान गरिएको छ ,जेष्ठ असार महिनामा खानेपानीको चरम अभाव भएका तिराम गोलबाङ आपचौरमा दमकल तथा टयाक्टर मार्फत पानी वितरण गरिएकोछ । उज्यालो माण्डवी गाउपालिका अभियान अर्न्तगन करिव १७३ घरधुरिमा मिटर बक्स विजुलिको तार,एम.सि.वि वितरण गरि घरहरु उज्यालो बनाइएकोछ  । सडक वस्तिको विस्तार तथा विद्यालय तथा सामुदायिक भवनहरुमा समेत विद्युतिकरण गरिएकोछ । विपन्न असाहयका लागि सुरक्षित आबास कार्यकममा जस्तापाता वितरण तथा खरको छानो मुक्त गाउँपालिका बनाउने विषेश अभियान अर्न्तगत यस आ.वमा करिव २०० घरधुरिले जस्तापाता प्राप्त गर्ने भएका छन ।

**आदरणिय गाउँसभा सदस्य ज्युहरु**

पर्यटन क्षेत्रको विकास गर्न यस गा.पाको ऐतिहासिक तथा धार्मिक स्थल उदयपुरकोट दरवारको गुरुयोजना तयार गरि त्यसको संरक्षणको लागि लगानी गरिएको छ । **सन्तुलित र समाबेशि विकास माण्डवीको पहिचान** भन्ने मुल मन्त्रलाई आत्मसाथ गर्दै  मार्सिबाङमा बृहत खेलकुद मैदान निर्माणको काम अगाढि बढिरहेकोछ । युवा पुस्तालाई खेलकुद सँग आवद्ध गर्न **अध्यक्ष कप खेलकुद प्रतियोगिता** सम्पन्न गरिएकोछ जेष्ठ नागरिक सम्मान कार्यकम, अपाङ्ग संजालको गठन र परिचयप वितरण कार्य,वालमैत्रि स्थानिय शासन सँचालनका लागि विविध कार्यकम ,महिला लक्षित विभिन्न शिप मुलक तालिम तथा शसक्तिकरण अभियान संचालन गरिएका छन् । स्थानिय कला, भाषा र संस्कृतिको संरक्षण गर्ने गाउँपालिकाको नीति अनूरुप करिव ४० प्रतिशत  मगर बाहुल्य रहेको यस गाउँपालिकामा मगर भाषा तालिम थक्लेनी गाउँमा सम्पन्न गरिएकोछ । व्यापार, वाणिज्य उद्योग,होटल व्यबसायको विकास र प्रवद्धनका लागि स्थानिय उद्योग बाणिज्य संघ, होटल व्यबसायि संग माण्डवी गाउँपालिकामा व्यपार,पर्यटन,उद्योग र फोहोर मैला व्यबस्थापनका विषयमा अन्तरकिया गरि सहकार्य र समन्वय गरिएकोछ । सहकारी क्षेत्रको सवलिकरणका लागि गाउँपालिकामा रहेका सहकारीसँग यसको विकास र सम्भावनाका विषयमा सहकारी तालिम सञ्चालन गरिएकोछ । गाउँपालिकाको स्थायि केन्द्र नहुंदा देखिएको समस्यालाई समाधान गर्न गा.पाको केन्द्र जस्पुरमा राख्ने गरि विषेश गाउँ सभाबाट निर्णय

गरि प्रदेश सरकार मार्फत नेपाल सरकारमा पठाइएको छ । ढिलै भए पनि असार मसान्त भित्र कार्य सम्पन्न गर्ने गरि प्रदेश सरकार मार्फत शसर्त अनुदानमा प्राप्त बहुउद्देश्यिय हल निर्माणको कार्य अगाढि बढेको छ । विपद् व्यबस्थापनका लागि कोषको निर्माण गरि पुनरस्थापना र प्रतिकार्य योजना माफर्त पिडितलाई तत्कालै राहात वितरण गर्ने कार्यको थालनी गरिएकोछ । सार्वजनिक सेवालाई समयानुकुल परिमार्जन गर्दै छिटो छरितो सेवा प्रदानका लागि गाउँपालिका र वडा कार्यालयहरुमा ईन्टरनेट सुविधा, सुचना अधिकारी व्यबस्था, गुनासो सुन्ने अधिकारीको प्रबन्ध, सुझाव पेटिका र नागरिक बडापत्रको व्यबस्थाले जनतामा स्थानिय सरकारप्रति विश्वास बढेको तथा गुनासा घटेको र गाउँ गाउँमा सिहदरबारको अनुभुति गर्न पाएको महुशुस गरेका छौ । स्थानिय न्यायिक समितिले न्याय समितिमा पर्न आएका विवादहरुको मेलमिलापको माध्यमबाट मिलापत्र गराई स्थानिय तहमै न्याय निरुपण गरिएकोछ । स्थानिय तहमा कानुनी जटिलता र अभावलाइ चिर्दै यस वर्ष करिव २१ वटा कानुन निर्माण गरि कार्यन्वयनमा ल्याइएकोछ ।

**आदरणिय गाउँसभा सदस्यज्युहरु**

मैले माथि चालु आर्थिक वर्षमा सम्पादन गरेका केहि महत्वपुर्ण कार्यहरुको मात्र समिक्षा गरेकोछु अन्य महत्वपुर्ण कियाकलाप र कार्यकमहरु गाउँपालिकाबाट सम्पन्न भइसकेका र सम्पन्न हुने कममा रहेका छन । अव म यस माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०७६।०७७ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**क्षेत्रगत नीतिहरु :**

***१. आर्थिक विकास क्षेत्र :***

क) कृषी प्रसार कार्यक्रम मार्फत किसानहरुलाई सर्वसुलभ तरिकाबाट गुणस्तरिय विउ, विरुवा उपलब्ध गराईनेछ ।

ख) वालि विकास, आलु तथा तरकारी विकासमा जोड दिदै **अध्यक्ष कृषि आधुनिकिकरण पकेट कार्यक्रम** सञ्चालन गरिने छ ।

ग) बालीनाली उत्पादन तथा जैविक विविधता संरक्षणमा सहयोग पुर्याउने माहुरी पालनलाई प्रर्बद्धन गरिनेछ, यस गाउँपालिकामा बाखापालन,बंगुर पालन ,कुखुरा पालन लगाएत पशुपालनको अत्याधिक सम्भावनालाई मध्यनजर गर्दे पशुपालक कृषकलाई प्रोत्साहन गर्न विशेष कार्यकम सञ्चालन गरिनेछ,

घ) पशु नश्ल सुधार कार्यक्रम संचालन गरी पशुको उत्पादन तथा उत्पादकत्व वृद्धी गरिनेछ , पशुको उपचारका लागि आवश्यक औषधि तथा उपकरणको व्यबस्था गरिनेछ

ङ) पशु स्वास्थ्य सेवा विस्तार गरी पशुजन्य धनको संरक्षण गरिनेछ

च) कृषिलाई व्यबसायिकरण ,विविधिकरण र औजारिकरणका लागि कृषकलाई  नगद अनुदान तथा औजार उपकरणमा समेत अनुदान दिने कार्यक्रम सञ्चालन गरिनेछ

छ) कृषकले उत्पादन गरेको कृषि उपजको सहज वजारीकरणका लागि हाट बजार व्यबस्थापन तथा भण्डारणको लागि चिस्यान केन्द्रको निर्माण गरिनेछ

ज) पशुपन्छी बजार प्रर्वद्धन गरि उपभोक्ताहरुलाई स्वस्थ र गुणस्तरीय पशुजन्य पदार्थ आपुर्ति गरिने छ
झ) गाउँ क्षेत्रमा क्रियाशिल सहकारी संस्थाहरुको प्रर्वधन गरिनुका साथै कृषी सहकारी मार्फत किसानहरुलाई सेवा उपलब्ध गराउन प्राथमिकता दिईने छ ।

ञ) धार्मिक तथा पर्या पर्यटनको विकासका लागि उदयपुरकोट दरवार लगाएत अन्य धार्मिक क्षेत्रहरुको पहिचान र विकास गरि राष्ट्रिय अन्तराष्ट्रिय जगतमा प्रचार प्रसार समेत गरिने छ ।

ट) स्थानीय प्रशासन समेतको सहभागितामा गाउँपालिका बाट बजार अनुगमन कार्यको थालनी गरिने छ ।

ठ) माण्डवी गाउँपालिका भित्र रहेका उद्योगी, होटल व्यवसायी , ब्यापारीहरु र निजी क्षेत्रसंग पर्यटन क्षेत्रको विकास, उद्योग र व्यापारको विस्तार ,फोहोरमैला व्यवस्थापन जस्ता विषयमा सहकार्य र समन्वय गरि विकास प्रक्रियामा निजिक्षेत्र सँग सँगै हातेमालो गरेर अगाढि बढने नीति लिइनेछ ।

***२. समाजिक विकास क्षेत्र :***

क. विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी बनाई सबै बालबालिकालाई विद्यालय शिक्षाको दायरामा ल्याइने छ ।

ख. निःशुल्क पाठ्यपुस्तक वितरण तथा जेहेन्दार र गरीब विद्यार्थीहरुका लागि छात्रवृतीको व्यवस्था गरी शिक्षामा पहुँचको सुनिश्चितता गरिने छ ।

ग) गाउँपालिकाले मापदण्ड बनाई नियुक्त गरेका प्र.अ.को  कार्यसम्पादन मुल्यांकन गरिनेछ साथै प्र.अ. सँग विद्यालयको समग्र भौतिक, शैक्षिक गुणस्तर वृद्धि  गर्ने शर्त सहित भएको करार सम्झौता अनुसार काम गरे वा नगरेको मुल्यांकन गरि शैक्षिक  गुणस्तर वृद्धि गर्ने प्र.अ. लाई प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ,

घ. शैक्षिक गुणस्तर सुधारका लागि निरन्तर विद्यार्थी मुल्यांङकन, शौक्षिक सामाग्री तथा भौतिक सुविधाको विस्तार र शिक्षकहरुलाई पुर्नताजगी तालिम उपलब्ध गराइने छ। यस आ.व.मा ईन्टरनेट, ई हाजिरी जोडन बाकि रहेका १६ वटा विद्यालयमा सोको पहुँच विस्तार गरिनेछ।

ङ कम्तिमा एउटा वडामा एउटा विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गर्न आवश्यक व्यबस्था मिलाइनेछ। प्रत्येक वडालाई साक्षर वडा घोषणा गर्नका लागि साक्षर अभियान संचालन गरिनेछ।

च.गाउपालिकामा औषधिको अभाव हुन नदिनका लागि शसर्त स्वास्थ्य कार्यक्रम बाट औषधी खरिदमा विनियोजित बजेट कमी भएको हुँदा गाउँपालिका बाट थप औषधी खरिद गरि निशुल्क उपलब्ध गराइनेछ।

छ. स्वास्थ्य शिक्षा, सुचना तथा संचार, पोषण, खोप, भिटामिन कार्यक्रम संचालन गरी रोग लाग्न नदिने निवारणात्मक उपाय अवलम्वन गरीनेछ छ।

ज. स्वास्थ्य संस्थाहरु तथा वर्थिङ सेन्टरहरुमा २४ सै घण्टा प्रसुती सेवा उपलब्ध गराइने छ।

झ. हामी दुई हाम्रा दुइ सन्तानको अबधारणालाई अंगिकार गर्दै प्रजनन उमेरका दम्पतीहरुलाई प्रजनन नियन्त्रणका स्थायि र अस्थायि साधनहरु निशुल्क रुपमा उपलब्ध गराईने छ।

ञ.खोप सञ्चालन गर्न तथा गाउघर क्लिनिक सञ्चालन गर्नका लागि आवश्यक पुर्वाधारको विकास गर्न खोप केन्द्रहरु स्थापना गर्ने तथा स्थापना भएका केन्द्रहरुमा फर्निचर र आवश्यक सामाग्रिको सुनिश्चितता गरिनेछ।

ट) गाउँपालिकामा भिडियो एक्सरे तथा एक्सरे सेवा सञ्चालनमा ल्याइनेछ सोका लागि आवश्यक पर्ने जनशक्तिलाई तालिमको व्यबस्था गरिनेछ

ठ). स्थानिय भाषा ,कला संस्कृतिको संरक्षण गर्नका लागि गाउँपालिकाले अध्ययन ,अनुसन्धान र तालिम संचालन गर्ने नीति लिनेछ।

ड) महिला, बालबालिका, जेष्ठ नागरिक, अपांग, दलित, आदीवासी जनजाती समुदाय लक्षित कार्यक्रम संचालन गरी लैंगिक समानता तथा सामाजिक समावेशिकरणमा जोड दिइने छ। जेष्ठ नागरिकलाई सम्मान कार्यकम, जेष्ठ नागरिकलाई तिर्थयात्रा कार्यकम र आँखा शिविर सञ्चालन गरि औषधि तथा उपकरण वितरण गरिनेछ।

ढ) युवाहरुका लागि खेलकुद, सीप तथा उद्मशिलता विकास, युवा क्लव गठन तथा **अध्यक्ष कप खेलकुदको** संचालन गरी युवालाई क्रियाशिल र सृजनशिल बनाईने छ।

ण) महिलाहरुलाई सार्वजनिक सेवामा प्रवेशका लागि क्षमता विकास गर्न उपयुक्त तालिम प्रदान गरिने छ ।

त) महिला , किशोरी र बालबालिकामा हुने हिंसा , विभेद ,वालविबाह ,बालश्रम रोक्नका लागि जनचेतनामुलक अभियानहरु सञ्चालन गरिनेछ ।

थ). नेपालको सविधान ०७२ को धारा ३५ मा सवै नेपालीलाई शुद्ध खानेपानीको हक हुने र दिगो विकास लक्ष्य २०१६ देखी २०३० ले सवैका लागि सुधारीएको गुणस्तरिय खानेपानीको सुविधा व्यवस्थाको प्रावधान राखेको छ । सोही संबिधानको प्रावधान र दिगो विकास लक्ष्यलाई आत्मसाथ गर्दै यस गाउँपालिकाले अव क्रमिक रुपमा खानेपानी योजना सञ्चालन गर्दा एक घर एक धाराको निति अवलम्बन गर्दै निर्माण गरिने छ र निर्माण भई रहेका योजनामा समेत क्रमश यो सुविधा विस्तार गदै लागिने छ ।

द). **“ गुणस्तरिय र दिगो खानेपानी हाम्रो आवश्यकता,पुर्ण सरसफाई, र स्व्च्छता माण्डवीको प्रतिवद्धता”** भन्ने नाराका साथ यस गाउँपालिकाका सवै जनालाई शुद्ध खानेपानी सुविधाको सुनिश्चितता र समुदायको सहज पहुचका लागि आधारभुत स्तरको पानीको गुणस्तर परिक्षण प्रयोगशाला यहि आ.व.मा स्थापना गरिने साथै निर्माण हुने सवै योजनामा पानी सुरक्षा योजना लागु गरिने छ ।

ध). खानेपानीका श्रोतहरु क्रमश घटदै रहेको अवस्थामा पानीका मुहान संरक्षणलाई विशेष प्राथमिकतामा राख्दै निर्माण हुने वा भएका योजनामा प्रकोप जोखिम न्युनिकरणको लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

न). गाउँपालिकाका सम्पुर्ण जनताको सरसफाईमा पहुच बृद्धि गरि सफा घर स्वस्च्छ समुदाय, पुर्ण सरसफाई यूक्त वडा हुदै २०७७ भित्र गाउपालिकालाई पुर्ण सरसफाई यूक्त गाउपालिका सुनिश्चित गर्न यस गाउपालिकाका प्रत्येक वडाको एउटा वस्ती लाई यस आ.ब. भित्रपूर्ण सरसफाई युक्त टोल सुनिश्चित गरिने छ ।

प) **“माण्डवी वासिको रहर, घरभित्रको धुवा मूक्त घर”** भन्ने नारा तय गरि सुधारीएको चुल्हो, गोवर ग्यास निर्माण लाई अभियानको रुपमा संचालन गदै यस आ.व. मा कम्तीमा १ वटा वडा लाई घर भित्रको धुवामूक्त वडा घोषणा गरिने छ । यो कार्यक्रम कमस गा.पा.का सम्पूर्ण वडामा लागु गरिने छ ।

फ). विद्यालय वच्चावच्चीको दोस्रो घर हो यसैले विद्यालयलाई सरसफाई तथा स्वच्छतामा नमूना वनाउदै विद्यार्थी हरुको स्वास्थ्य तथा स्वच्छता सरसफाईमा पहुच वृद्धि गर्न विद्यालय खानेपानी सरसफाई तथा स्वच्छता योजना लागु गरिने छ र यस आ.व.मा प्रत्येक वडाको एउटा विद्यालयलाई सफा र स्वच्छ बिद्यालय सुनिश्चित गरिने छ ।

व). गाउँपालिकामा गठन भएका अपाङ्ग संजाल ,जेष्ठ नागरिक संजाललाई क्रियाशिल बनाउदै परिचयपत्र वितरणका लागि प्रत्येक वडामा शिविर सञ्चालन गरिनेछ ।

भ) माण्डवी गाउँपालिकाका असहाय, दिर्घरोगीहरुलाई **आर्थिक सहायता कार्यक्रम** यस वर्ष पनि निरन्तरता दिईनेछ ।

### *३. पुर्वाधार विकास क्षेत्र :*

क). सडक विकासको मुख्य आधार हो । यस गाउँपालिकाको सडक गुरुयोजना बनाउने काम गरीसकिएको छ । गुरुयोजनाले पहिचान गरेका मुख्य सडकहरु देविस्थान देखि उदयपुरकोट हुदै स्वर्गद्धारी जोड्ने मोटरबाटो, जस्पुर देखि उदयपरकोट जोड्ने मोटरबाटो, स्याउलीघारी देखि उदयपुरकोट मोटरबाटो र नयाँगाउँ वडा कार्यालयदेखि उदयपुरकोट हुँदै स्वर्गद्वारी जोड्ने सडक निर्माण कार्यलाई प्राथमिकतापूर्वक अगाडी बढाईनेछ । अन्य श्रेणीका सडकलाई पनि गुरुयोजनाले निर्धारण गरे बमोजिम बजेट विनियोजन गरी निर्माण कार्य अगाडी बढाईनेछ । अन्य सडक मर्मतका कार्यलाई एकमुष्ट रकम विनियोजन गरी गाउँपालिकाकै मेसिनबाट कार्य गरिनेछ । गाउँपालिका केन्द्रदेखि वडा कार्यालय जोड्ने मोटरबाटो नाली सहित दुई लेनको बनाई ग्राभेल गर्ने कार्य प्रारम्भ गरिनेछ ।

ख) कृषिको उर्भर भुमि रहेको माण्डवी गाउँपालिकामा सिचाइका लागि सिचाई कुलो निमार्ण तथा मर्मत सम्भार गरी कृषी उत्पादन तथा उत्पादकत्व वृद्धी गर्न जोड दिईने छ ।

ग) विद्युतिकरणको पहुँच भन्दा बाहिर रहेका घरपरिवारलाई सौर्य उर्जा प्रविधि मार्फत विद्युतको पहुँच पुर्याइनेछ तथा वायोग्यासँ प्रविधिको प्रयोगमा समेत जोड दिईनेछ ।

घ) भवन बनाउँदा नक्सा पास गर्नु पर्ने प्रावधानलाई कडाईका साथ लागु गर्दै भवन संहिता कार्यान्वयन गरिनेछ ।

ङ) सडकहरुको स्तरोउन्नती तथा मर्मत सम्भार हुने ब्यवस्था मिलाइनेछ , बाह्रै महिना सडक यातायात संचालनका लागि गाउँपालिका जे.सि.भि.लाई तयारी अवस्थामा राखिनेछ ।

च) माण्डवी गाउँपालिकामा रहेको मारसिवाङ खेलकुद मैदानलाई पुर्णता दिने तथा गा.पा भित्र एक वडा एक खेलकुद मैदान नीति अवलम्बन गरि खेलकुद मैदान निर्माणमा जोड दिइनेछ

छ) माण्डवी गाउँपालिकाको आफ्नै भवन नहुदा परेका समस्यकाको निराकरण गर्न यसै वर्ष गाउँपालिकाको भवन निर्माण कार्यको थालनि गरिनेछ

ज) गरिबीको पहिचान झल्कने गरी यस माण्डवी गाउँपालिकामा भण्डै ९०० घरपरिवारको खरको छानो मुक्त गर्नका लागि ५ नं. प्रदेशको निति तथा कार्यक्रम र माण्डवी गाउँपालिकाको मुख्य गौरवको आयोजनामार्फत धनी र गरीबको खाडलको असमानतालाई हटाउन आ.ब.२०७६/०७७ मा खरको

छानो पूर्णरुपमा मुक्त बनाउने आत्मसात गर्दै जस्तापाता वितरण कार्य यसै वर्ष सम्पन्न गर्ने लक्ष्य लिईएको छ ।

झ) "**उज्यालो घर, माण्डवीको भर**" कार्यक्रम संचालन गरि विद्युतको भरपर्दो व्यवस्था गर्न यस आ.ब.२०७६/०७७ मा गरिब, दिन दुखी असहायहरुको घरपरिवारमा यस वर्षमा नस्तै विजुली तार, मिटर बक्स तथा एम.सी.बी. निशुल्क वितरण गरी आ.ब.२०७६/०७७ भित्र यस माण्डवी गाउँपालिकाको सम्पूर्ण घरपरिवारमा बिद्युत विस्तारीकरण गर्ने कार्य सम्पन्न गर्ने लक्ष्य लिएका छौं । विगतमा यस क्षेत्रमा सञ्चालनमा रहेका जलविद्युत आयोजनामार्फत विद्युतीकरणको कार्य अगाडि बढाईनेछ र यस गाउँपालिकाभित्र रहेका लघु जलविद्युतको संभाव्यता अध्ययन गरिने छ ।

ञ) फोहोर मैला व्यबसथापनका लागि डम्पिङ साइडको निर्माण तथा फोहोर संकलनका लागि ट्याक्टर खरिद कार्य अगाढि बढाइनेछ ।

### *४. वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र :*

क. सार्वजनिक तथा प्रति जग्गा र भु-क्षय भएका स्थानहरुमा स्थानीय जनता तथा उपभोक्ता समितिका पदाधिकारी समेतको सहकार्यमा वृक्षारोपण गर्ने तथा सोको संरक्षण गरिनेछ । माण्डवी गाउँपालिकाले यस वर्षलाई **बृक्षारोपण बर्षको** रुपमा मनाउदै १ लाख विरुवा रोप्ने अभियान सञ्चालन गर्नेछ ।

ख. सडक तथा अन्य पुर्वाधार निर्माण गर्दा विपद् जोखिम न्यूनिकरणका उपायहरु अवलम्बन गरी विकास र विपद् व्यवस्थापनलाई एकिकृत ढंगले अगाडी बढाइनेछ ।

ग. वातावरण तथा सरसफाई कार्यक्रम संचालन गरी बातावरण तथा जलवायु परिवर्तनको बारेमा जनचेतना अभिवृद्धी गरिनेछ । प्लाष्टिक रहित, शिसा मुक्त गाउँपालिका घोषणा अभियानलाई अघि बढाईने छ ।

घ. भुसंरक्षण, वाढि पहिरो नियनत्रण, जलाधार संरक्षण र जलउत्पन्न प्रकोप नियन्त्रणका लागि गाउँपालिकाले तारजाली उपलब्ध गराई जनसहभागितामा भु-क्षय तथा जलउत्पन्न प्रकोप नियन्त्रण गरिनेछ ।

ङ. विपद् व्यबस्थापनका लागि श्रोत सुनिश्चित गर्न विपद् व्यबस्थापन कोषमा रकमको सुनिश्चितता गरिने छ ।

च. विपद् व्यवस्थापनका लागि स्थानिय प्रशासन संग समन्वय गरी उद्दार खोजी, राहत र पुनर्स्थापना कार्यलाई प्रभावकारी बनाईनेछ ।

छ. सामुदायिक वनमा उद्यम प्रर्वद्धन गरी आय आर्जन गर्ने नीति लिइनेछ, सामुदायिक बनहरु सँगको सहकार्यमा बनको संरक्षण गर्ने नीति अवलम्बन गर्ने र बन डडेलोका कारण पर्यावरणमा परेको असरका सम्बन्धमा जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

ज) खेलकुद, व्ययाम, योगा तथा मनोरञ्जनका लागि **एक वडा एक उद्यान कार्यक्रम** अर्न्तगत प्रत्येक वडामा एउटा उद्यान निर्माण गरिनेछ ।

झ) माण्डवी गााउँपालिका भित्र रहेका प्राकृतिक श्रोत तथा खानीजन्य श्रोतहरुको अनुसन्धान तथा उत्खनन गरि गाउँपालिकामा घरेलु तथा लघु उद्योग स्थापनामा जोड दिइनेछ ।

*५. शुसासन तथा संस्थागत विकास क्षेत्र :*

क. गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाई अध्ययन, अवलोकन भ्रमण तथा तालिम उपलब्ध गराई क्षमता विकास गरिनेछ ।

ख. सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण गरी सुशासन प्रवर्द्धन गरिनेछ ।

ग. नागरिक वडापत्र, सोधपुछ कक्षको व्यवस्था र सुचना प्रविधिको प्रयोग द्धारा सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ । सामाजिक सुरक्षा भत्ता समयमै जनताकै घरदैलोमा वितरण गरिने कार्यलाई निरन्तरता दिइनेछ

घ. **जनता संग अध्यक्ष कार्यक्रम** मार्फत जनताको सुख दुख बुझ्न, गाउँपालिकाले गरेका कामको सम्बन्धमा जनतासँग प्रतिक्रिया लिन जनताकै घरदैलोमा पुगिनेछ ।

ङ. वित्तिय अनुसाशन कायम राख्न  उपभोक्ता समितिलाई पेश्की दिने प्रावधानलाई नियन्त्रण गरिनेछ । साथै समयमा योजना सम्झौता गरि जेठ मसान्त सम्म कार्य सम्पन्न गरी भुक्तानी लिने परिपाटीको विकास गरिनेछ ।

च. भवन तथा सडक निर्माणका ठुला आयोजनाहरु संचालन गर्दा आवश्यकताका आधारमा टेण्डर वा बोलपत्रको माध्यमबाट गरिनेछ  । स्थानिय स्तरका साना आयोजनाहरु, जनसहभागिता जुट्ने, स्थानिय श्रम, सिप र प्रविधिको प्रयोग हुने आयोजनाहरु उपभोक्ता समितिबाट गरिनेछ । उपभोक्ता समितिका पदाधिकारीहरुलाई नीतिगत, प्रशासनिक र आर्थिक विषयमा अभिमुखीकरण गरी रु. ३ लाख भन्दा बढीका आयोजनामा आयोजना सुचना पाटी राख्ने र गुणस्तरीय काम गर्ने परिपाटीको विकास गरीनेछ ।

छ. गाउँकार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरुमा इन्टरनेट, ई हाजिरीलाई व्यबस्थित वनाई थप  संस्थागत क्षमता विकास गरिनेछ ।

ज. अन्तर निकाय समन्वय बैठकहरु आयोजना गरी विकासमा सबै पक्षको सहयोग परिचालन गरिनेछ ।

झ. न्यायिक समितिलाई कियाशिल बनाई मेलमिलापको माध्यम बाट जनताहरुलाई छिटो छरितो तथा सर्वसुलभ रुपमा न्याय पाउने व्यवस्था मिलाईनेछ ।

ञ. आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,उत्पादनमुलक तथा छिटो प्रतिफल दिने, राजस्व परिचालनमा योगदान पुर्याउने, सामाजिक न्याय ,लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा योगदान पुर्याउने आयोजना तथा कार्यक्रमहरु तर्जुमा गरिनेछ ।

ट. बेरोजगार तथा बैदेशिक रोजगारीमा जाने युवाहरुलाई स्थानिय तहमै रोजगारी सुनिश्चित गर्नका लागि प्रधानमन्त्री स्वरोजगार कार्यकम मार्फत काम गर्ने वातावरण मिलाउनुका साथै कगाउँपालिकास्तरका योजनाहरुमा पनि योजना निर्माण गर्दा बेरोजगार युवाहरुलाई रोजगार दिने खालका योजना तथा कार्यक्रम निर्माण गरी धैरैभन्दा धैरै रोजगारीको वातावरण सिर्जना गर्ने कार्य थालिनेछ ।

ठ. यस क्षेत्रमा उठ्ने राजस्वलाई थप व्यवस्थित गरि राजस्व परिचालन तथा राजस्व चुहावट नियन्त्रणमा जोड दिइनेछ । यस गाउँपालिकाको आय वृद्धि गर्न तथा राजस्वको परिचालन वृद्धि गर्न राजस्वका दरहरु न्युन गर्दै दायरा फराकिलो बनाइनेछ । करका दरलाई बाञ्चित सीमा भित्र राखिनेछ । प्रगतिशिल करको माध्यमबाट धनी र गरिब बिचको खाडल कम गर्दै लगिनेछ । राजस्वका थप क्षेत्रहरु पहिचान गर्न राजस्व सम्भाव्यता अध्ययन गरिनेछ । गैरकर राजस्व, सेवा शुल्क तथा दस्तुर संकलन गर्ने कार्य वडा स्तरबाटै कम्प्युटराइज्ड पद्दित बाट प्रविष्ट गर्ने व्यवस्था मिलाईनेछ । संकलन हुने राजस्व बाँडफाडको लागि संघीय सरकार, प्रदेश सरकार तथा अन्य विभिन्न निकायसँग समन्वय गरिनेछ ।

ड) पंजीकरणको कार्यलाई व्यवस्थित गर्नको लागि अनलाइन प्रणाली व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली(Vital Event Registration and Social Security Management Information System) मार्फत व्यक्तिहरुको विवरण अद्यावधिक गर्दै आवश्यक प्रतिवेदन हेर्ने, डाउनलोड गर्ने, प्रकाशन गर्ने र वितरण गर्ने कार्यलाई कार्यान्वयन गरिनेछ ।

ढ) सेवा प्रवाह गर्ने कर्मचारीहरुलाई काम गर्ने खालको वातावरण सिर्जना गरिनेछ । साथै यो क्षेत्रमा सरकारी कर्मचारीहरुमा जनताको सेवाभाव जागृत गराउने र गाउँपालिकाका निर्णयहरुलाई कार्यान्वयनमा ल्याउनका लागि तत्पर हुने अवस्थाको सिर्जना हुने वातावरण मिलाइनेछ । भौगोलिक

क्षेत्रको बिकटता समेतलाई मध्यनजर गर्दै  काम गर्नुपर्ने बाध्यता भएकाले आगामी दिनमा प्रोत्साहन भत्ताको व्यवस्था मिलाउनेतर्फ पहल तथा अध्ययन गरिनेछ । उचित र बस्तुनिष्ठ मुल्याङ्कनको आधारमा कार्यको प्रकृति हेरी कर्मचारीहरुलाई क्षमता बिकास तालिम, पुरस्कार तथा दण्ड-सजायको समेत व्यवस्था मिलाईनेछ । सेवा प्रवाभलाई प्रविधि मैत्री  बनाउदै  गुणस्तरीय र भ्रष्टाचार विरुद्ध सुन्य सहनशीलताको नीति अवलम्बन  गरिनेछ ।

ण) सबै समस्याहरुको समाधान एकैपटक सम्भब छैन र हुन पनि सक्दैन । यसका लागि अन्य स्थानीय तहहरु, प्रदेश सरकार, केन्द्र सरकार तथा सरकार बाहेकका अन्य क्षेत्रहरु निजी क्षेत्र, गैर सरकारी संस्थाहरु, दातृ निकायहरु, नागरिक समाज, प्रबुद्ध वर्गहरु तथा विकास साझेदारहरुसँग सम्वाद, सहकार्य र सहभागिताको नीति अवलम्बन  गरिनेछ ।

त) अन्त्यमा , यी सबै विविध पक्षहरुमा महत्वपूर्ण सहयोग पुर्‍याउनुहुने सबै राजनीतिक दलहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत तथा सम्पूर्ण माण्डवीबासी दाजु भाई तथा दिदी बहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यावाद !!!

**श्रीधर रोका**

**अध्यक्ष**

**माण्डवी गाउँपालिका ,नयाँगाउ प्युठान**